नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना

## आयोजना व्यवस्थापन इकाई

हरिहरभवन, ललितपुर

फोन नं.- 01-5552971
01-5010108
ईमेल: fansep2018@gmail.com
वेभसाईट: fansep.moald.gov.np

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना आयोजना व्यवस्थापन इकाई हरिहरभवन, ललितपुर, नेपाल

प.सं. २०७७/७८
च.नं. १४६

मितिः २०७७/०७/०४

विषयः सूचना प्रकाशन गरिएको बारे ।

श्री राष्ट्रिय सुचना आयोग
बानेश्वर-१०, देवीनगर, काठमाण्डौ ।

सुचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) अनुसार सार्बजनिक निकायसंग सम्बन्धित सूचना अध्यावधिक गरी राख्ने र सोको जानकारी आयोगलाई गराउने व्यवस्था अनुरुप सूचनाको हक सम्बन्धी ऐन तथा नियमावली बमोजिम यस आयोजनाको आ.व. २०७७/७८ को श्रावण देखि असोज महिनासम्मको विवरण प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

(डा. प्रद्युम्नराज पाण्डे)
वरिष्ठ अनुगमन तथा मुल्याङ्कन अधिकृत
एवं
सुचना अधिकारी

बोधार्थः
श्री संचार सूचना तथा प्रविधि मन्त्रालय
सिंहदरवार, काठमाण्डौं ।

# सुचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) बमोजिम प्रकाशित खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनाको सुचनाको विवरण (२०७७ श्रावण देखि असोज सम्म)

## १. परिचय

खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना Global Agriculture and Food Security Program (GAFSP) को आर्थिक सहयोगमा संचालित आयोजना हो। यस आयोजना संचालनको लागि नेपाल सरकार र आई.डी.ए. (International Development Association) बिच वि.सं. २०७५ कार्तिक २८ गते (14 November 2018) अनुदान सम्झौता भएको थियो। यस आयोजनाको कुल अवधी पाँच बर्षको रहेको छ भने आयोजनाको कार्यक्षेत्रको रुपमा ८ वटा जिल्लाहरु (गोरखा, धादिङ्ग, सिन्धुपाल्चोक, दोलखा, धनुषा, महोत्तरी, सिराहा, सप्तरी) को १६ गाँउपालिका रहेका छन्। यस आयोजनाको संचालन नेपाल सरकार, कृषि तथा पशुपंछी विकास मन्त्रालयले गर्नेछ भने सुपरिवेक्षण कार्य विश्व वैंक (World Bank) बाट हुनेछ साथै आयोजनाका कृयाकलापहरु संचालनमा प्राविधिक सहयोग (Technical Assistance) संयुक्त राष्ट्र संघ, खाद्य तथा कृषि संगठन (FAO) ले गर्नेछ।

नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रलाई मेरुदण्डको रुपमा लिईन्छ। खाद्य तथा पोषण सुरक्षा आफैमा बहुआयामिक विषय हुनुका साथै यसको सुनिश्चितताको लागि कृषि क्षेत्रको अहम् भूमिका रहेको हुन्छ। नेपालको संविधानले खाद्य सम्बन्धी हकलाई मौलिक हकको रुपमा उल्लेख गरेको छ। नेपाल सरकारले खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितताको लागि विभिन्न राष्ट्रिय नीति तथा कार्यक्रमहरु तर्जुमा गरि कार्यान्वयन गर्नुका साथै विभिन्न अन्तराष्ट्रिय सम्झौता तथा सहमतिहरुको पक्ष राष्ट्रको रुपमा कार्य गरिरहेको छ। नेपाल **दिगो विकासका लक्षहरु (Sustainable Development Goals)** को पक्ष राष्ट्र हो। नेपाल सरकारको **दिर्घकालीन सोच २१००, पन्धौ योजना** तथा **कृषि विकास रणनीति** लगायतका विभिन्न नीति तथा योजनाहरुमा खाद्य तथा पोषण सुरक्षाले विशेष महत्व पाएका छन्।

कृषि क्षेत्रको समग्र विकासको लागि नेपाल सरकारले कार्यन्वयनमा ल्याएको कृषि विकास रणनिति (२०१५-३५) का चारवटा Flagship कार्यक्रमहरु मध्ये **"खाद्य तथा पोषण सुरक्षामा सुधार"** कार्यक्रमले तय गरेको **अत्यन्तै पिछिडिएका वर्गहरुको खाद्य तथा पोषण सुरक्षा सुधार सम्बन्धि** उद्देश्य हासिल गर्न र कृषि विकास रणनितिको परिकल्पनामा रहेका **समावेशी, जिविकोपार्जन र खाद्य तथा पोषण सुरक्षा** जस्ता सम्भागका सूचकहरुको लक्ष्य प्राप्त गर्न; **दिगो विकासका लक्ष्यहरु** प्राप्त गर्न नेपाल सरकारले गरेको प्रतिबद्धता अन्तर्गतका लक्ष्यहरु गरिबिको अन्त्य, शुन्य भोकमरी, लैंगिक समानता र जलवायु सम्बन्धि कारवाही हासिल गर्न साथै नेपाल सरकारको पन्धौं योजनामा उल्लेखित सूचकहरु जलवायु परिवर्तन अनुकुलशिलता, ५ वर्ष मुनिका कम तौल भएका बालबालिका, बाल मृत्युदर, मातृ मृत्युदर, बहुआयामिक गरिबीमा रहेको जनसंख्या, निरिपेक्ष गरिबि र कृषिका सूचकहरुको लक्ष्य प्राप्तिका लागि यस आयोजनाले प्रतक्ष्य रुपमा सहयोग गर्दछ। यस आयोजनाबाट कूल १६ गाउँपालिहरुका प्रत्यक्ष ६५,००० कृषक परिवारहरु लाभान्वित हुनेछन्। आयोजनाको लाभग्राही विशेष गरी आर्थिक र सामाजिक रुपमा पछि परेका महिला, भुकम्प र बाढी पिडित, गरिब, खाद्य असुरक्षित, विपन्न तथा सिमान्तकृत बर्गहरु लक्षित हुनेछन ।

## २. आयोजना विकास लक्ष्य:

- आयोजना प्रभाव क्षेत्रका लक्षित साना कृषक समुदायको जलवायु समानुकुलनमा सुधार, कृषि उत्पादकत्वमा वृद्धि र पोषण अवस्थामा सुधार ल्याउनु।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना
आयोजना व्यवस्थापन इकाई
हरिहरभवन, ललितपुर, नेपाल

(सुचना अधिकारी)

३. उद्देश्य:

- कृषि तथा पशुजन्य उत्पादन तथा उत्पादकत्वमा बृद्धि गरी खाद्य सुरक्षामा सहयोग गर्ने ।
- जलवायुमैत्री तथा पोषण मैत्री कृषि प्रविधिहरुको अनुसरण र प्रसार गर्ने ।
- साना कृषकहरुको आय आर्जन र विविधिकरण प्रबर्द्धन गरि बजारमा पहुँच बढाउने ।
- सुनौला हजार दिनका आमाहरु तथा ६-२४ महिना सम्मका बच्चाहरु पोषण स्थितिमा सुधार ल्याउने ।
- कृषकहरुको क्षमता अभिवृद्धि गर्ने, उत्पादन समुह तथा सहकारीको संस्थागत विकास तथा सवलिकरण गर्ने ।

४. आयोजनाको मुख्य नतिजा सूचकहरु:

| क्र.स. | सूचकहरु | लक्ष्य |
|---|---|---|
| १ | उन्नत कृषि प्रविधिहरुको (जलवायुमैत्री कृषि प्रविधि सहित) अनुसरण गर्ने कृषकको संख्यामा वृद्धि | ३१८०० कृषकहरु (६५% महिला) |
| २ | प्रत्यक्ष लाभग्राहीहरु को कृषि तथा पशुजन्य उत्पादकत्वमा वृद्धी | • अन्नबाली- २५% • तरकारी- ३०% • मासु- ४०% • दुध- ३५% |
| ३ | कृषकहरुको घरधुरी आय (कृषि तथा गैह्र कृषि) मा बृद्धि | २५% ले वृद्धि |
| ४ | खाद्य असुरक्षा अनुभव स्केल (FIES)मा प्राप्त हुने अंकमा सुधार | ४०% ले वृद्धि |
| ५ | सुनौला हजार दिनका आमाहरु तथा २४ महिना सम्मका बच्चाहरुमा पौष्टिक आहार खाने दरमा सुधार | २०% ले वृद्धि |

५. आयोजना लागु हुने कार्यक्षेत्रहरु:

भुकम्प (२०७२) प्रभावित पहाडका चार र बाढीबाट प्रभावित तराईका चार गरी कुल आठ जिल्लाहरुका कृषक समुदायहरुको कृषि तथा पशुजन्य उत्पादन तथा उत्पादकत्वमा बृद्धि, खाद्य तथा पोषण सुरक्षामा सुधार र आयआर्जनमा बृद्धि गर्ने उदेश्यका साथ नेपाल सरकारको खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना ८ जिल्लाको १६ वटा गाँउपालिकाहरु कार्यक्षेत्र रहने गरी लागु भएको छ।

५.१ आयोजना लागु भएका जिल्लाहरु:

- **भुकम्प** प्रभावित जिल्ला (४) : गोरखा, धादिङ्ग, सिन्धुपाल्चोक र दोलखा
- **बाँढी** प्रभावित जिल्ला (४) : सिराहा, सप्तरी, धनुषा र महोत्तरी

५.२ आयोजना सञ्चालनका लागि छनौट भएका गाउँपालिकाहरु:

| क्र.स. | जिल्ला | गाउँपालिका | कैफियत |
|---|---|---|---|
| १ | गोरखा | बारपाक सुलिकोट | धादिङ्ग र गोरखा जिल्ला हेर्ने गरि आयोजना क्लष्टर ईकाइ **गोरखामा** रहेको। |
| | | गण्डकी | |
| २ | धादिङ्ग | बेनीघाट रोराङ्ग | |
| | | गजुरी | |
| ३ | सिन्धुपाल्चोक | लिसङ्खु पाखर | सिन्धुपाल्चोक र दोलखा जिल्ला हेर्ने गरि आयोजना क्लष्टर ईकाइ **सिन्धुपाल्चोकमा** रहेको। |
| | | ईन्द्रावती | |
| ४ | दोलखा | कालिन्चोक | |
| | | तामाकोसी | |
| ५ | धनुषा | मुखियापट्टी मुसहरनीया | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना
आयोजना व्यवस्थापन इकाई
हरिहरभवन, ललितपुर, नेपाल

| | | | |
|---|---|---|---|
| | | धनौजी | धनुषा र महोत्तरी जिल्ला हेर्ने गरि आयोजना क्लष्टर ईकाइ धनुषामा रहेको। |
| ६ | महोत्तरी | पिपरा | |
| | | एकडारा | |
| ७ | सप्तरी | राजगढ | सप्तरी र सिराहा जिल्ला हेर्ने गरि आयोजना क्लष्टर ईकाइ सप्तरीमा रहेको। |
| | | बिष्णुपुर | |
| ८ | सिराहा | औरही | |
| | | बरियारपट्टी | |

६. आयोजनाको स्वीकृत दरवन्दी संख्या र हालको अवस्था

| क्र.सं. | पद | स्विकृत दरवन्दी | पदपुर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|
| आयोजना व्यवस्थापन इकाई | | | | | |
| १ | प्राविधिक तर्फ | | | | |
| १.१ | *रा.प.प्र.प्रा.* | १ | १ | ० | |
| १.२ | रा.प.द्वि.प्रा. | ३ | ३ | ० | |
| १.३ | रा.प.तृ.प्रा. | ४ | ४ | ० | |
| २ | प्रशासन तर्फ | | | | |
| २.१ | रा.प.तृ. | १ | १ | ० | |
| २.२ | रा.प.अनं.द्वि. | २ | २ | ० | |
| २.३ | कम्पयुटर अपरेटर | २ | २ | ० | करार सेवा |
| २.४ | सवारी चालक | ५ | ५ | ० | करार सेवा |
| २.५ | कार्यालय सहयोगी | ४ | ४ | ० | करार सेवा (१ जना स्थायी) |
| आयोजना कल्ष्टर इकाइहरु | | | | | |
| १ | प्राविधिक तर्फ | | | | |
| १.१ | *रा.प.द्वि.प्रा.* | ४ | ४ | ० | |
| १.२ | रा.प.तृ.प्रा. | ८ | ८ | ० | |
| १.३ | रा.प.अनं.प्र.प्रा | ८ | ६ | २ | ससरी र सिन्धुपाल्चोक क्लस्टर इकाईमा रिक्त |
| २ | प्रशासन तर्फ | | | | |
| २.१ | रा.प.अनं.प्र. (लेखापाल) | ४ | १ | ३ | धनुषा वाहेक अन्य क्लस्टर इकाईमा को.ल.नि.का बाट खाता संचालन |
| २.२ | कम्पयुटर अपरेटर | ४ | ४ | ० | करार सेवा |
| २.३ | सवारी चालक | ४ | ४ | ० | करार सेवा |
| २.४ | कार्यालय सहयोगी | ८ | ८ | ० | करार सेवा |
| | जम्मा | ६२ | ५७ | ५ | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना
आयोजना व्यवस्थापन इकाई
हरिहरभवन, ललितपुर, नेपाल

७. आयोजनाको शाखागत जिम्मेवार अधिकारी

| क्र.सं. | शाखाहरु | जिम्मेवार अधिकारी |
|---|---|---|
| १ | योजना शाखा | बरिष्ठ योजना अधिकृत, श्री दिपक पौडेल |
| २ | अनुगमन तथा मूल्यांकन शाखा | वरिष्ठ अनुगमन तथा मुल्याङ्कन अधिकृत, डा. प्रद्युम्नराज पाण्डे |
| ३ | प्रविधि विस्तार तथा समन्वय शाखा | वरिष्ठ कृषि अधिकृत, डा. राकेश प्रजापती |
| ४ | आर्थिक प्रशासन शाखा | लेखा अधिकृत, श्री निराजन उपाध्याय |
| ५ | प्रशासन शाखा | खरिदार, श्री बुद्विराम खनाल |

८. आयोजनाको सम्भागहरु **(Project Components)**

सम्भाग एः जलवायु र पोषणमैत्री कृषि प्रविधि अनुसरण र प्रसार

- ❖ उप-सम्भाग १ः प्रविधि अनुकूलन र परिक्षण
- ❖ उप-सम्भाग २ः प्रविधि प्रसार र कृषकहरुको सिप विकास

सम्भाग बीः बजारको पहुँच तथा जोखिम व्यवस्थापनबाट आय आर्जन र विविधिकरण

- ❖ उप-सम्भाग १ः उत्पादकहरुको सबलीकरण
- ❖ उप-सम्भाग २ः उत्पादनशिल सम्बन्धन (Productive Alliances) मार्फत बजारमा पहुँच

सम्भाग सीः पोषण सुरक्षामा सुधार

- ❖ उप-सम्भाग १ः संस्थागत क्षमतामा सबलीकरण
- ❖ उप-सम्भाग २ः पोषण पाठशाला र घरबारी पोषण बगैंचा

सम्भाग डीः आयोजना व्यवस्थापन, सञ्चार, अनुगमन तथा मूल्याङ्कन

९. आयोजनाका सम्भागहरु मार्फत संचालन हुने मुख्य मुख्य कार्यक्रमहरुः

७.१ सम्भाग कः जलवायु र पोषणमैत्री कृषि प्रविधि अनुसरण र प्रसारः

- ❖ ग्रामिण कखुरा प्रर्वद्धन कार्यक्रम
- ❖ बाखापालन प्रर्वद्धन कार्यक्रम
- ❖ दुग्ध उत्पादन प्रर्वद्धन कार्यक्रम
- ❖ कृषक पाठशाला (कृषि तथा पशुपन्छी) संचालन
- ❖ कृषकहरुबाट व्यवस्थापन हुने बोयर बाखाको multiplier herds/units स्थापना
- ❖ आयोजना लागु भएका गाँउपालिकाहरुमा AI Unit को स्थापना गरी पशु नश्लसुधार
- ❖ वीउ उत्पादक समुहहरुलाई मुल विउमा सहयोग (धान,गहुँ,मकै,कोदो,फापर,मसुरो,सिमी, आलुको PBS tubers)
- ❖ कृषकहरुलाई उन्नत विउ वितरण (धान,गहुँ,मकै,कोदो,फापर,मसुरो,सिमी, मुङ्ग, मास,आलु)
- ❖ NARC द्वारा CSA, यान्त्रीकरण, विषादी र अन्य रसायनको व्यवस्थापन जस्ता प्रविधिको विकास गर्ने, कृषि प्रविधि प्रमाणीकरण तथा प्रविधि प्रदर्शन कार्यक्रम
- ❖ कृषक समूह तथा अगुवा कृषकहरु लाई सीप विकास तालिम, अभिमुखीकरण तथा अवलोकण भ्रमण

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना
आयोजना व्यवस्थापन इकाई
हरिहरभवन, ललितपुर, नेपाल

७.२ सम्भाग खः बजारको पहुँच तथा जोखिम व्यवस्थापनबाट आय आर्जन र विविधिकरण

- ❖ पुरक अनुदान कार्यक्रम
- ❖ ग्रामीण बजार, संकलन केन्द्र तथा हाटबजार हरुको सुधार
- ❖ प्रशोधन तथा व्यवस्थापन संरचनाहरुको निर्माणमा सहयोग
- ❖ Farm Business School संचालन
- ❖ Productive Alliance र Multi-Stakeholder Dialogue Platform को गठन
- ❖ कृषि व्यवसाय, बजार व्यवस्थापन, तथा बजार सूचनामा समूह, उद्यमी, सहकारीहरुको क्षमता अभिवृद्धि

७.३ सम्भाग गः पोषण सुरक्षामा सुधारः

- ❖ साना अनुदान कार्यक्रम
- ❖ घरबारी पोषण बगैंचा कार्यक्रम
- ❖ पोषण पाठशाला संचालन
- ❖ पोषण शिक्षा, जनचेतनामा सुधार तथा पोषण सम्बन्धि अभिमुखिकरण
- ❖ स्वास्थ्य आमा तथा पोषण समुहहरु लाई पौष्टिक खाद्य परिकार बनाउने, घरबारी पोषण बगैचा स्थापना, आदि सम्बन्धी अभिमुखिकरण तथा सीप विकास तालिम

७.४ सम्भाग घः आयोजना व्यवस्थापन, सञ्चार, अनुगमन तथा मूल्याङ्कनः

- ❖ आयोजना व्यवस्थापन ईकाई (PMU) तथा आयोजना क्लष्टर ईकाई (PCUs) हरु स्थापना र व्यवस्थापन
- ❖ आयोजानबाट संचालित कार्यक्रमहरुको अनुगमन तथा मुल्यांकन
- ❖ आयोजना लागु भएका गाँउपालिकाहरु तथा प्रदेशहरु संग समन्वय तथा सहकार्य
- ❖ आयोजना सरोकारवाला निकायहरु संग समन्वय
- ❖ आयोजनाको प्रगति समीक्षा गोष्ठी, रिर्पोटिङ्ग तथा मिसन व्यवस्थापन
- ❖ सूचना प्रविधिमा आधारित (MIS) व्यवस्थापन प्रणालीको विकास तथा संचालन

## १०. आयोजनाको शाखागत काम, कर्तव्य र अधिकार

### १०.१ अनुगमन तथा मूल्यांकन शाखाको कार्य विवरण

- नियमित रुपमा कार्यक्रम संचालनको अनुगमन निरीक्षण गरी कार्यक्रमको गुणस्तर अभिवृद्धि गर्ने ।
- प्रगती प्रतिवेदनहरु तयार गरी सम्बन्धित निकायमा नियमित रुपमा प्रेषित गर्ने ।
- मासिक, चौमासिक तथा वार्षिक रुपमा प्रगती समिक्षा गर्ने व्यवस्था मिलाउने ।
- आयोजना क्लस्टर इकाईहरुबाट प्राप्त कार्यक्रम संचालनमा आएका समस्याहरुको समाधानका लागि आवश्यक पहल एवम् समन्वय गर्ने ।
- योजना तर्जुमाको क्रममा योजना शाखालाई पृष्ठपोषण गर्ने ।
- आयोजनाको अनुगमन तथा मुल्यांकनका लागि आवश्यक तथ्याङ्क सङ्कलन, विश्लेषण, व्यवस्थापन तथा रिपोर्टिङ् गर्ने ।
- अयोजनाको लागि PMIS र Website अद्यावधिक गरी अनुगमन प्रणालीलाई चुस्त दुरुस्त गराउने ।
- आयोजनाको उदेश्य हाँसिल भए नभएको सम्बन्धमा साथै अन्य आवश्यक विषयमा अध्ययन गर्ने गराउने ।
- अनुगमन तथा मुल्यांकनका आधारमा आयोजना कार्यान्वयनलाई समय सापेक्ष सुधार गर्न पृष्ठपोषण गर्ने ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना
आयोजना व्यवस्थापन इकाई
हरिहरभवन, ललितपुर, नेपाल

- अनुगमन तथा मुल्यांकन सम्बन्धि तालिमहरुको समन्वय र संचालन गर्ने ।
- आयोजनाको प्राविधिक मिसन व्यवस्थापन सम्बन्धि कार्यहरु गर्ने ।
- अनुगमन तथा मुल्याङ्कन सम्बन्धी तालिमहरु संचालन तथा सो सम्बन्धी साम्रागी/दस्तावेजहरु तयार गरी प्रसार गर्ने ।
- नेपाल सरकारले विभिन्न समयमा ल्यायका नीति तथा कार्यक्रमहरुको नियमित समीक्षा एवं रिपोर्टिङ्ग गर्ने ।
- आयोजना निर्देशकको प्रत्यक्ष निगरानीमा रही आयोजनामा आई पर्ने अन्य कार्यहरु गर्ने ।

## १०.२ योजना शाखाको कार्य विवरण

- कार्यक्रम संचालनको लागि आवश्यक पर्ने नीति, योजना, रणनीत, कार्यविधि तथा नर्मसहरु तर्जुमा/समन्वय गर्ने ।
- आयोजनाको लक्ष्य, उद्देश्य हाँसिल गर्न आयोजना व्यवस्थापन इकाई र आयोजना अन्तर्गतका क्लस्टर इकाईहरुको वार्षि कार्यक्रम तर्जुमा गर्ने गराउने।
- आयोजना निर्देशक समिति, प्राविधिक समन्वय समिति तथा प्रदेशस्तरीय समन्वय समितिको वैठकको समन्वय गर्ने र उक्त समितिव निर्णयहरु कार्यान्वयनमा आवश्यक समन्वय गर्ने ।
- कृषि तथा खाद्य संगठन (FAO) बाट हुने प्राविधिक सहायता सम्बन्धी कार्यहरुको लागि सम्पर्क शाखा (focal point) को रुप रही समन्वय तथा कार्य गर्ने ।
- कार्यक्रम संशोधन, रकमान्तर, श्रोतान्तर तथा बजेट संग सम्बन्धीत कार्यहरु गर्ने ।
- खरिद सम्बन्धी कार्यको आवश्यक व्यवस्थापन तथा समन्वय गर्ने ।
- कार्यक्रम सञ्चालनका लागि समय समयमा लिनुपर्ने नीतिगत निर्णयका लागि आवश्यक कार्य गर्ने ।
- कृषि वजार पूर्वाधार विकाससंग सम्बन्धित कार्य गर्ने ।
- योजना शाखाको प्रगति समयमै अनुगमन तथा मूल्यांकन शाखामा अध्यावधिक गर्ने ।
- आयोजना निर्देशकको प्रत्यक्ष निगरानीमा रही आयोजनामा आई पर्ने अन्य कार्यहरु गर्ने ।

## १०.३ प्रविधि विस्तार तथा समन्वय शाखाको कार्य विवरण

- नेपाल कृषि अनुसन्धान परिषद्, खाद्य प्रविधी तथा गुण नियन्त्रण विभाग, बीउ विजन गुणस्तर नियन्त्रण केन्द्र संग कार्यक्रम सञ्चालनका लागि समन्वय गर्ने ।
- नेपाल कृषि अनुसन्धान परिषद् तथा अन्य निकायबाट विकास तथा प्रमाणित भएका Climate and Nutrition Smart Technology हरुको विस्तार एवं अनुसरण गराउने कार्य गर्ने ।
- नेपाल कृषि अनुसन्धान परिषद् सँगको सहकार्यमा विभिन्न उन्नत कृषि प्रविधि र श्रोत सामाग्रीहरु तयार एवं विस्तार गर्ने ।
- खाद्य प्रविधी तथा गुण नियन्त्रण विभागसंग समन्वयमा रैथाने खाद्य वस्तु एवं परिकारहरुको गुणस्तर विश्लेषण गरी पोषणयुक्त खाद्य वस्तुहरुको पहिचान गर्ने एवं दैनिक खानपानमा समावेशका लागि श्रोत सामाग्रीहरु तयार एवं विस्तार गर्ने ।
- आयोजना क्लष्टर इकाईलाइ कृषक/ पशुपालन/ कृषि व्यवसाय/ पोषण पाठशालाहरुको सञ्चालनमा सहजीकरण गर्ने ।
- कृषक पाठशाला सम्वन्धी तालिम म्यानुल र प्रचार प्रसार सामग्रीहरु तयार गरी प्रकाशन र प्रसार गर्ने ।
- आयोजनाका कर्मचारीहरु र उत्पादक कृषकहरुलाइ प्रविधि विस्तारसंग सम्वन्धीत तालिमहरु सञ्चालन गर्ने ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना
आयोजना व्यवस्थापन इकाई
हरिहरभवन, ललितपुर, नेपाल

- अनलाईन मिडिया, रेडियो, एफ.एम., टि.भी. लगायतका सञ्चार माध्यमबाट आयोजना सँग सम्बन्धित प्राविधिक सामाग्री तयार गरी प्रचार प्रसार गर्ने गराउने।
- आयोजना कार्यान्वयनका लागि लाभग्राही छनौट, समुह गठन तथा बेसलाइन सर्वेक्षणका लागि विश्व बैंकको DIME सँग समन्वय गर्ने ।
- आयोजना क्लष्टर इकाईहरु लाइ समुह गठन कार्यमा सहजीकरण गर्ने ।
- आयोजना क्लष्टर इकाईबाट सञ्चालन हुने उन्नत प्रविधि विस्तार तथा अनुसरण कार्यमा आवश्यक सहयोग तथा पृष्ठपोषण गर्ने ।
- बजेट तथा कार्यक्रम तर्जुमाको क्रममा योजना शाखालाई पृष्ठपोषण गर्ने ।
- शाखाको प्रगति समयमै अनुगमन तथा मूल्यांकन शाखामा अध्यावधिक गर्ने ।
- आयोजना निर्देशकको प्रत्यक्ष निगरानीमा रही आयोजनामा आई पर्ने अन्य कार्यहरु गर्ने ।

**११. आयोजनाको कुल बजेट:**

- कुल बजेट: २८.७ मिलियन अमेरिकी डलर
    - ✓ **GAFSP** अनुदान: २२.७ मिलियन अमेरिकी डलर (७९.१%)
    - ✓ नेपाल सरकार: ६ मिलियन अमेरिकी डलर (२०.९%)

**१२. आयोजनाको आधिकारीक कागजातहरुको सूची (वेवसाईटमा प्रविष्ट गरिएको )**

- Project Appraisal Document
- Signed Grant Document
- Project Implementation Manual
- विनियोजित बजेट तथा खर्चको विवरण सहितको आ.व. २०७६/७७ को बार्षिक प्रतिवेदन
- आ.व. २०७७/७८ को स्वीकृत कार्यक्रम अनुसारको विनियोजित बजेटको विवरण
- पाठशाला संचालन गर्ने सहजकर्ताका लागि प्रशिक्षक प्रशिक्षण तालिमको पाठ्यक्रम
- कोभिड-१९ महामारी क्षति न्युनिकरण गतिविधिहरुको प्रतिवेदन

**१३. आयोजना कार्यालयहरुको सम्पर्क विवरण:**

क) आयोजना व्यवस्थापन इकाई (PMU), हरिहरभवन, ललितपुर
फोन नं: ०१-५५५२९७१/५०१०१०८
इमेल: fansep2018@gmail.com
वेवसाईट: fansep.moald.gov.np

ख) आयोजना क्लष्टर इकाईहरुको सम्पर्क विवरण

| | |
|---|---|
| १. आयोजना क्लष्टर इकाई, गोरखा<br>फोन नं: ९८५६०७०७४५,९८५६०७०७४४<br>इमेल: fansep.gorkha@gmail.com | २. आयोजना क्लष्टर इकाई, सिन्धुपाल्चोक<br>फोन नं: ०११-६२००८६<br>इमेल: fansep.sindhupalchok@gmail.com |
| ३. आयोजना क्लष्टर इकाई, धनुषा<br>फोन नं: ९८६९६६५१९९<br>इमेल: fansep.dhanusha@gmail.com | ४. आयोजना क्लष्टर इकाई, सप्तरी<br>फोन नं: ०३१-५२२३७१, ०३१-५२२३७२<br>इमेल: fansep.saptari@gmail.com |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना
आयोजना व्यवस्थापन इकाई
हरिहरभवन, ललितपुर, नेपाल